# मृगतृष्णा कथामा लैङ्गिक चेतना

टीकाप्रसाद पौडेल, उपप्राध्यापक
त्रियुगा जनता बहुमुखी क्याम्पस, उदयपुर

**लेखसार**

*प्रस्तुत आलेखमा मृगतृष्णा कथामा लैङ्गिक चेतनाको अध्ययन गरिएको छ । जैविक लिङ्गका दृष्टिले नारी–पुरुषबिच ठूलो पार्थक्य नरहे पनि सामाजिक लिङ्गले उनीहरूको भूमिका निर्धारण गर्दछ । त्यसैले यस आलेखमा मृगतृष्णा कथाका प्रमुख पात्रमा लैङ्गिक चेतनाको अवस्था पत्ता लगाउने, जैविक लिङ्गका कारण सामाजिक भूमिकामा पार्ने प्रभाव तथा लैङ्गिक विभेद र शोषणको अध्ययन–विश्लेषणलाई उद्देश्य बनाइएको छ । पुस्तकालयीय कार्यका रूपमा मृगतृष्णाबाट प्राथमिक र अन्य लेखरचनाबाट तिद्वीयक श्रोतका तथ्य सङ्कलन गरी प्राप्त तथ्य र साक्ष्यका आधारमा गुणात्माक अनुसन्धान विधिद्वारा निष्कर्षमा पुगिएको छ । जैविक लिङ्गका आधारमा समाजले नारी–पुरुषको सामाजिक भूमिका, निर्णयशक्ति र जिम्मेदारी निर्धारण गर्ने पितृसत्तावादी सोच हावी भएको, सामाजिक लिङ्गकै कारण पुरुष प्रभुत्व कायम रहेको, नारीमाथि शोषण–दमन हुने गरेको, पितृसत्ताका आडमा हुने शोषण–विभेदबाट मुक्तिका लागि नारी विद्रोह अपरिहार्य रहेको, परम्परागत पितृसत्ताबाट पुरुषमाथि समेत उत्पीडन हुने गरेकाले लैङ्गिक समविकासका लागि नारी–पुरुप परिपूरक बन्नुपर्छ भन्ने लैङ्गिक चेतना मृगतृष्णा कथामा प्रकट भएको छ ।*

**शब्द कुञ्चिका :** पितृसत्ता, लैङ्गिक जैविकता, लैङ्गिक भूमिका, यौनिकता

## पृष्ठभूमि

सामाजिक परिवेश सांस्कृतिक तथा सामयिक सन्दर्भहरूबाट निर्धारित महिला र पुरुषको पहिचानलाई लैङ्गिकता भनिन्छ (खनाल, सन् २०१९) । समाजले गरेको भूमिकामा लैङ्गिक विभेद सिर्जना भएको छ । यस विभेदको जड पितृसत्ता कायम रहनु हो । लैङ्गिक अध्ययनको आधार भूमि नारीवाद हो । नारीवादी चेतनाको विकास मार्क्सवादी चिन्तनबाट प्रारम्भ भएको हो । सन् १९४९ मा सिमोन द बुआको द सेकेन्ड सेक्स कृति प्रकाशन भएपछि नारीवाद र लैङ्गिक अध्ययनले प्राज्ञिक एवं बौद्धिक महत्त्व प्रात गर्यो । साहित्यिक क्षेत्रमा नारी लेखन र लैङ्गिक भिन्नतालाई प्रकाश पार्न ऐतिहासिक, जीववैज्ञानिक, मनोवैज्ञानिक र सांस्कृतिक व्याख्याहरू प्रस्तुत गरिए । महिलाहरू कसरी दोस्रो दर्जाका नागरिक वा कमजोर भूमिकामा भए भन्ने कुराको व्याख्यात्मक लेखहरू प्रस्तुत गरिए (टोलान, सन् २००६, उद्धत : भट्टराई, २०६६, पृ. २४७) । यसले लैङ्गिकता समाजले नारी-पुरुषलाई दिएको सामाजिक भूमिका हो । यही लैङ्गिक भूमिकाको कारण समाजमा पुरुष प्रभुत्वशाली र नारी कमजोर देखिन थालेको कुरा स्पष्ट हुन्छ । समाजमा नारीको भूमिका भएको हो । समाजमा स्त्रीको भूमिका कमजोर हुने स्थिति व्यक्तिगत पूँजीको विकास भएपछि भएको हो । उक्त व्यक्तिगत पूँजीको उत्तराधिकारी आफ्नै रक्त वंशको हुनु पर्छ भन्ने पितृसत्तात्मक सोच पछि पुरुष शक्तिशाली बनेको पाइन्छ ।

सन् १९८० को दशकपछि लैङ्गिक अध्ययनमा उत्तर संरचनावादको प्रभाव पर्न थाल्यो । यस चरणमा फुकको लिङ्ग सङ्कथन निर्माण; डेरिडाको भिन्नताको राजनीति, लकानको मनोविश्लेषणात्मक अध्ययन आदिको प्रभावले नारीवादी तथा लैङ्गिक अध्ययनमा रुची बढायो (भट्टराई, २०६६) । यस चरणमा नारीवादी सम्बद्ध मात्र नभएर पुरु सत्ताको दृष्टिले समेत चर्चा गर्न थालियो । यसैबाट लैङ्गिक समविकास आधारमा

लैङ्गिक अध्ययन विकसित बन्यो । नारी-पुरुष दुबैको सापेक्षतामा सङ्कथन विमर्श विकसित बन्यो ।

साहित्यिक कृतिलाई नारी-पुरुषको अन्तरसम्बन्ध, समाजमा तिनको भूमिका, सामाजिक-आर्थिक, सांस्कृतिक संरचना, नारी-पुरुषको हस्तक्षेप आदि लैङ्गिक तत्त्वका आधारमा विश्लेषण गरिन्छ (भट्टराई, २०७६) । प्रस्तुत लेखलाई माया ठकुरीको मृगतृष्णा कथा लैङ्गिक चेतनामा केन्द्रित गरिएको छ ।

### समस्या तथा उद्देश्य

कानुनी रूपमा नारी र पुरुषलाई समान अधिकार प्राप्त छ । प्रत्यक्ष कानुनी हैसियतमा समानता भए पनि व्यावहारिक रूपमा समाजमा लैङ्गिक विभेद विद्यमान देखिन्छ । समाजमा पुरुष प्रभुत्व र उत्पादनका साधनमा पुरुषकै वर्चस्व कायम रहनु, महिलाले पैतृक सम्पत्तिको नैसर्गिक उपभोग गर्ने वातावरण नहुनुले पनि लैङ्गिक विभेदलाई प्रश्रय दिन्छ । व्यावहारिक रूपमा नारी र पुरुष समान किन छैनन् ? प्राकृतिक लिङ्गका सीमित पार्थक्यभन्दा पनि सामाजिक लिङ्गले नारी र पुरुषको भूमिकालाई के कसरी निर्धारित गर्दछ भन्ने पक्ष अध्ययन, अनुसन्धानको क्षेत्र बनेको छ । यसै परिप्रेक्ष्यमा मृगतृष्णा कथामा के कस्तो लैङ्गिक चेतनाको प्रयोग भएको छ भन्ने मूल जिज्ञासाका साथै उक्त कथामा नारी र पुरुष पात्रले प्राप्त गरेको जिम्मेदारी, र उनीहरूको जैविक लिङ्गका कारण सामाजिक भूमिकामा देखा परेको प्रभाव, लैङ्गिक दृष्टिले हुने विभेद र शोषणको अध्ययन–विश्लेषण गर्नु नै यस आलेखको उद्देश्य हो ।

### अध्ययनको औचित्य

लैङ्गिक समालोचना नवीन समालोचनात्मक प्रवाह हो । यसले परम्परागत समालोचना प्रणालीभन्दा फरक ढङ्गले पाठ विश्लेषण गर्दछ । साहित्य र त्यसमा प्रयुक्त पात्रको भूमिकालाई अध्ययन– विश्लेषण गर्ने लैङ्गिक समालोचना सन १९८० पछि मात्र विकसित भएको हो । त्यसकारण यस क्षेत्रमा कमै समालोचनात्मक कार्य भएको अवस्थामा प्रस्तुत मृगतृष्णा कथामा लैङ्गिक चेतना शीर्षकको अध्ययन औचित्यपूर्ण देखिन्छ । कृतिमा नारी र पुरुषको भूमिका सम्बन्धमा लैङ्गिक अध्ययनका आधारमा विमर्श र छलफल भएकाले नवीन दृष्टिले पाठ विश्लेषणका क्षेत्रमा यो अध्ययन महत्त्वपूर्ण हुने निश्चित छ ।

### अध्ययन विधि

### सामग्री चयन र सत्यापन

प्रस्तुत अध्ययनको प्राथमिक सामग्री मृगतृष्णा कथा हो । यस कथाका अतिरिक्त लैङ्गिक अध्ययनसँग सम्बन्धित अन्य लेख, प्रकाशित पुस्तकहरू शब्दकोशलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएका छन् । यसरी पुस्तकालयीय स्रोतबाट प्राप्त तथ्य विश्लेषणका आधारमा निष्कर्षमा पुगिएकाले यो अध्ययन गुणात्मक प्रकृतिको भएको छ ।

### सैद्धान्तिक आधार

लैङ्गिक समालोचनाका सैद्धान्तिक आधारहरू भट्टराईले नारीवाद, पितृसत्ता, सामाजिक लिङ्ग, लैङ्गिकता, पुलिङ्गता, सामाजिक लिङ्ग भेद र शरीर राजनीति उल्लेख गरेका छन् (२०७६, पृ. २४६-२५४) । लैङ्गिक समालोचनाका आधारहरू खनाल २०७५ ले पितृसत्ता, नारीवाद, पुरुषत्व, यौनिकता, लैङ्गिक समानता र समता, लैङ्गिक भूमिका, लैङ्गिक विभेद, लैङ्गिक हिंसा, लैङ्गिक सशक्तीकरण, लैङ्गिक भाषा र जैविक लिङ्ग प्रस्तुत गरेका छन् (पृ. ८-३६) । साहित्यिक कृतिहरूका लैङ्गिक समीक्षाका लागि यी सम्पूर्ण आधारहरू बृहत्तर आयाममा रहने हुँदा कृतिका विचार, कथावस्तु, चरित्र, परिवेश, भाषा, यौनिकता, लैङ्गिकता, लैङ्गिक

भूमिका र परिणति आदि आधार छन् । प्रस्तुत लेखमा कथालाई कथावस्तु, पितृसत्ता, चरित्र र जैविकता, लैङ्गिक अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक समस्या, लैङ्गिक चेतना र सशक्तीकरण, यौनिकता, लैङ्गिक भाषा र लैङ्गिक परिणति आधारमा विश्लेषण गरिएको छ ।

## मृगतृष्णा कथाको लैङ्गिक विश्लेषण

### कथा रचनाको पृष्ठभूमि

मृगतृष्णा कथा माया ठकुरीले लेखेकी हुन् । सामाजिक यथार्थवादी कथाकार ठकुरी समाजको सन्तुलित विकासका लागि नारीको भूमिका अपरिहार्य छ भन्दै नारी समस्यालाई केन्द्रमा राखेर लैङ्गिक पक्षमा सूक्ष्म दृष्टि दिन्छन् । उनको कथामा नारीहरूका दुरवस्था, पीडा, अभाव, बेचैनी, कुण्ठा र निराशा आदि विषयले प्रकाश पाएका छन् । ठकुरीले नारी पुरुष बिचको असमानता, पारिवारिक झैझगडालाई कथ्यवस्तु बनाएका छन् (शर्मा र लुइँटेल, २०६०) । यिनको कथाको केन्द्रीय चरित्र नारी हुन्छन् । मृगतृष्णा ठकुरीको लैङ्गिक समस्यामूलक कथा हो । तत्कालीन समाजमा नारीले भोगेका समस्या र हिंसालाई प्रस्तुत गरी त्यसको समाधान गर्नुपर्ने विचार व्यक्त गरेकी छिन् । प्रस्तुत कथाले लैङ्गिक समस्यालाई जब्बरजस्त उठाएर अध्यात्मवादमा विलय गराएको छ । यसको मूलकारण कथाकार स्वयम् स्त्री भएकीले बाह्य द्वन्द्वलाई मुखरित गर्न साहस नगरेकी महसुस हुन्छ ।

मृगतृष्णा नेपाली समाजको सहरोन्मुख जीवनका नारीहरूको लैङ्गिक समस्यामा केन्द्रित कथा हो । कथाका घटनाक्रम तुषार मल्लिकाको चरित्रमा केन्द्रित छ । यस कथाका पात्रहरू सानोबुबा, ठुलोमुमा, म पात्र (विन्दू); ठुलोबुबा रहेका छन् । समाजका मानिसहरूका कथागत भूमिका सानोमुमा तुषार मल्लिका र अन्य नारी पात्रमा केन्द्रित रहेको छ । यस कथामा नेपाली समाजका स्त्रीहरूले आफ्नो प्रतिभा, बौद्धिकता स्वतन्त्र परिवेशमा प्रयोग र प्रदर्शन पाउँदैनन् । कथामा स्त्रीहरूले आफ्नो नैसर्गिक क्षमताको प्रयोग गर्दा समाजले कुरा काट्ने, अपमानित हुनु पर्ने र अन्त्यमा आफ्नो छोराछोरी सहित गृह त्याग गर्नु पर्ने विकराल परिस्थिति आउने स्थिति देखाएको छ । कथाकी तुषार मल्लिकासँगै म पात्र विन्दूले पितृसत्ताको अहम् र दबाब बेहोर्नु परेको छ । यसले समाजमा व्यापक लैङ्गिक विभेद, हिंसा र चरम शोषणलाई कथाले कलात्मक रूपमा प्रस्तुत गरेको छ ।

### कथावस्तु

प्रस्तुत कथा मृगतृष्णाले केन्द्रीय पात्र तुषार मल्लिकाको ४२ वर्षको जिन्दगीको अवरोह-आरोह-अवरोहको आयामलाई समेटेको छ । यो कथा म पात्र (विन्दू) को संस्मरणबाट व्यक्त भएको छ । यसकारण यो कथा फ्ल्यासब्याक शैलीमा बुनिएको छ । यस कथाको कथावस्तुमा ११ वर्षकी उमेरमा शिवरात्रीबाट हराएकी, सानी बालिका हुँदा नै कसैद्वारा कलकत्तामा बेचिएकी, त्यहाँ कष्टकर जीवन धान्दै तरुणी भएपछि वेश्यावृत्तिमा लाग्न बाध्य बनाइएकी निर्दोष नारी छिन् तुषार मल्लिका । त्यहाँ नगरबधू बन्न नचाहेर घर फर्केकी तुषार मल्लिका आफन्तबाटै अपमानित र कलङ्कित बनेकी छिन् । उनको रूप सौन्दर्यबाट भौँतारिएर सानोबुबा पागल बन्छ । घरमा सधैँ झगडा गर्छ, पछि उनलाई भगाएर विवाह गरी डेरामा बस्छ । तुषार मल्लिका र सानोबुबाको वैवाहिक जीवनको प्रारम्भिक काल भने सुखद र रोमाञ्चित भएपनि सन्तानको जन्मसँगै कामुक सानोबुबामा असन्तोष बढ्न थाल्छ । सानोमुमा पतिको हिंस्रक आक्रमणको शिकार बन्न पुग्छिन् । हिंसाको चरमावस्था भएपछि काखको बच्चा सहित गृह त्याग गरेर सन्यासिनी जीवनवरण गर्छिन् ।

प्रस्तुत कथाका स्त्री पात्रहरू वर्गीय, लैङ्गिक, सामाजिक विभेदमा परेका छन् । पितृसत्तात्मक समाजमा नारीहरूले नारकीय जीवन भोग्न बाध्य हुन्छन् । प्रस्तुत कथामा विवाहपछि नारीहरू दास सरह जीवन भोग्न बाध्य हुने तथ्य प्रकाश पारिएको छ । यस कथामा महिला महिलाबाटै अपमान र लाञ्छना लगाइने तिक्त स्थितिको पनि चर्चा गरिएको छ । तुषार मल्लिकालाई पहिलो लाञ्छना आफ्नै दिदी र भिनाजुबाट भएको छ (पृ. २४२) । कथामा सानोबुबाको भोगी चरित्रबाट लैङ्गिक हिंसा र शारीरिक भोक र यातनामा पर्नु अघि सानोमुमा सानोबुबाको उन्मुक्त जीवन खुसीको सागरमा पौडिए पनि पछिल्लो कालमा पतिबाटै यौनिक अपराध र लैङ्गिक हिंसामा परेकी छिन् । कथाकारले कथामा नारीहरूको सम्मान हुनुपर्ने, लैङ्गिक हिंसा अन्त्य गरिनु पर्ने आवाज बुलन्द गरे पनि लैङ्गिक चेतना तथा सशक्तीकरणलाई तिक्खर विद्रोहको रूप दिन सकेकी छैनन् ।

**पितृसत्ता**

घर परिवार र समाजमा पुरुषको प्रभुत्व कायम रहनु नै पितृसत्ता हो (भट्टराई, २०७६) द्वारापितृसत्ता पुरुषबाट मात्र सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ (पृ.२५१) भन्ने विचार प्रस्तुत गरिको छ । वास्तवमा पितृसत्ता व्यक्ति नभएर संस्था वा व्यवस्थित संरचना नै हो, त्यसैले कहिलेकाहिँ पीडितले आफू पीडित भएको अनुभव गर्न सकिराखेको हुँदैन भने कतिपय अवस्थामा नारीहरूले नै अर्को नारीमाथि चरम दमन गर्दछन् । नन्दआमाजूले भाउजूबुहारीमाथि, सासूले बुहारीमाथि गर्ने बुहार्तन र उत्पीडन यसैअन्तर्गत पर्दछन् । यस्ता उत्पीडनबाट मुक्त हुन फरक मोर्चामा बसेर पितृसत्तात्मक संरचनका विरुद्ध नारीवादीले सङ्घर्ष गर्छन् (उप्रेती,२०६६,पृ २४६) ।

विवेच्य मृगतृष्णा कथाकी प्रमुख नारी पात्र तुषार मल्लिका पितृसत्ताकै सिकार भएकी छन् । “यो सानी ११/१२ वर्षकी छँदा शिवरात्रिको जात्रामा हराएकी थिई...।” (नेपाली कथा भाग– १ पृ.११४)। उनका दिदी भिनाजुको यस सूचनाले तुषार मल्लिकाको बाल्यकालको कारुणिक तथा कठोर जीवनको सङ्केत गर्दछ । यस्तो सङ्घर्ष गुजारेर जब उनी घर आइन्, उनमा अन्तरनिहित कला र यौवनमा सानोबुबाजस्ता पुरुष झुम्मिए । सानोबुबाले पारिवारिक स्वीकृतिबिना नै उनलाई विवाह गरेको हो । झट्ट हेर्दा सानोबुबा समेत पितृसत्ताबाट पीडित देखिन्छ । आफूले रोजेकी पत्नी ल्याउन घरसँग विद्रोह गर्नु परेको छ । विवाह पछि उनीहरूको दाम्पत्य जीवन लोभ लाग्दो देखिन्छ । सानोबुबाको पुरुष अहंले तुषार मल्लिकाको नृत्यबाट हुने आयआर्जन रोकिएको स्पष्ट छ । पितृसत्ताकै कारणले उनले आफ्नो व्यावसाय छोड्नु परेको छ तर वैवाहिक कारणले सानोबुबाको व्यावसामा कुनै फरक परेको छैन, यहींनेर लैङ्गिक विभेद र पुरुष प्रभुत्व प्रमाणित हुन्छ । प्रकारान्तरमा यिनी हिंस्रक व्यक्तिका रूपमा परिणत भई तुषारामाल्लिकामाथि घोर अत्याचार गर्छन् भन्ने कुरा कथामा यसरी वर्णन गरिएको छ ः

> साथमा गरगहना र मालसामान हुँदासम्म दुवैले मोज गरेर उडाए । भएको श्रीसम्पत्ति पनि सकियो । खानेमुख पनि थपियो । अहिले चै तिम्री सानीमुमाको विगति छ । रातदिन मातेर आएर चुट्छन् रे ! भएन कुरैपिच्छे रन्डी, वेश्या, मेरो जिन्दगी बर्बाद गरिस्, मलाई मेरो घर–परिवारदेखि छुटयाइस्, दुनियाँको कुरो सुन्नुपर्ने बनाइस्” भनेर भन्नु–नभन्नु भन्छन् रे ! एक छाक खान घरमा धौ–धौ छ, भएन सुत्केरी भएर कुना बसेको बेलाधरी लातैलात्तले कुटेर...। (नेपाली कथा भाग–१,पृ ११७)

नारी भएकै कारण पुरुषका निम्ति तुषार मल्लिकाले पेसा परित्याग गरी सानोबुबाको असीमित कामेक्षा पूर्ण गर्ने भोग्य वस्तु मात्र हुनुपरेको छ । कुनै पुरुषले नारीसँग विवाह बन्धनमा बाँधिएवापत पेसा वा रोजगारी गुमाउनु पर्दैन । यसरी पितृसत्ताका कारणले लैङ्गिक विभेदको निरन्तर संरक्षण गर्दै आएको छ ।

**चरित्र/जैविकता**

मृगतृष्णा नारीलाई सामाजिक विभेदका रूपमा रहेको लैङ्गिक असमानतालाई प्रकाश पार्न लेखिएको कथा हो । यस कथाको केन्द्रीय पात्र तुषार मल्लिका बाल्यकालदेखि पितृसत्ताको सिकार बनेको र जिन्दगीको अन्तिम क्षणमा भाग्यवादमा छाडिएकी पात्र हुन् । उनले कथाको कुनै स्थानमा पति, परिवार र समाज विरुद्ध विद्रोह गरेकी छैन । तुषार मल्लिका नेपाली समाजका निरीह, कमजोर पात्र हुन् । उनीमा मानसिक द्वन्द्व र विद्रोह मात्र अनुभूत गर्न सकिन्छ ।

कथामा केन्द्रीय चरित्रको उद्घाटन गर्ने अन्य पात्रहरू सानोबुबा, दिदीभिनाजु, ठुलोमुमा र विन्दू रहेका छन् । यस कथाको सहायक पात्र सानोबुबा हुन् । उनको चरित्र मूलतः खल प्रवृत्तिको रहेको छ । उ पितृसत्तात्मक समाजको प्रतिनिधि पात्र हुन् । उनले स्त्रीलाई भोग्यका रूपमा लिन्छन् र पुरुषको मनोरञ्जनका साधन ठान्छन् । उनको व्यवहारले निरङ्कुश पितृसत्तात्मक व्यवस्थामा लैङ्गिक हिंसाले उच्चत्तर श्रेणी विद्यमान देखिन्छ । सानोबुबा यौन पिपासु, व्यभिचारी चरित्रका देखिन्छन् । उनी रक्सी तलवमा सक्ने, जुवा तास खेलेर मध्यरातमा डेरा फर्कने जस्ता कुलतमा फसेका छन् (पृ. २४५) । सानोबुबा यौनिक आनन्दमा लिप्त भएर रमाउने र आफ्नो दायित्व बोध गर्न नसकेको कुरो "कुरै पिच्छे रन्डी, वेश्या, मेरो जिन्दगी बर्बाद पारिस्, मलाई घर परिवारबाट छुटयाइस्, दुनियाँको कुरा सुन्नु पर्ने बनाइस् (पृ. २४४) बाट स्पष्ट हुन्छ ।"

यस कथाकी मुख पात्र विन्दू हुन् । उनकै समाख्यानमा कथा भनिएको छ । उनी यो समाज लैङ्गिक विभेद रहिन्ज्याल जीवनमा सुख, शान्ति प्राप्त गर्न सम्भव छैन भन्ने तर्कमा दृढ छिन् । उनी सहनशील, पारिवारिक सद्भाव, सहयोग, मेलमिलाप रहनु पर्छ भन्ने विचारकी छिन् । उनीले शिक्षक जागिर थालेपछि सानोमुमालाई आर्थिक सहयोग गर्नु, सानोमुमालाई र सानोबुबालाई सम्झाउनु आदि कृत्यहरू समभावका व्यवहारहरू हुन् । परिवारबाट परित्याग सानोमुमालाई भतिजीबाट हुने यो व्यवहार सद्भाव र सहभावको प्रतीक हुन् ।

यसका साथै अन्य पात्रहरू – दिदी, भिनाजु, कविता, सन्तान (दुई छोरी र नाबालक छोरा), समाजसेवकहरू, ठुलोमुमा, ठुलोबुबा (विन्दूकी परिवार), मुमा, बुबा, भाइबहिनी, सुवर्ण (ठूलो बुबाकी छोरी) आदि छन् । यी पात्रहरू ठुलोबुबा, ठुलोमुमा, दिदी, भिनाजु आदि पितृसत्तात्मक समाज व्यवस्थाका प्रतिनिधि पात्रहरू हुन् । उनीहरू लैङ्गिक नैसर्गिक हिंसा संरक्षण गर्नु प्रत्यक्ष-अप्रत्यक्ष योगदान दिएका छन् । पुरुषबाट नारी हिंसालाई उर्वर बनाउने कार्यमा नारीहरूकै प्रत्यक्ष भूमिका रहेको पाइन्छ । यस कथाकी पात्र ठुलो मुमा ... हाम्रो घरको श्रीसम्पत्ति र शिक्षित युवक देखेर कान्छाबुबालाई जालमा पार्न खोजेकी हो सर्पिणीले ... दाँत गाडी सके जस्तो छ (पृ. २४३) भनिएको छ । यसले नारी स्वतन्त्रताको शत्रु नारी नै हुन्छन् भने स्पष्ट हुन्छ । यस कथाकी ठुलोमुमा स्त्री पात्रबाट अप्रत्यक्ष रूपमा पितृसत्ताको संरक्षण मिलेको पाइन्छ ।

मृगतृष्णा कथाकी स्त्री पात्र ठूली छोरी ११ वर्षकी छिन् । उनले आमाबुबाबाट पाउनु पर्ने नैसर्गिक प्रेम र स्नेहका बदलामा सन्त्रास र पीडा पाएकी छिन् । बुबाबाट भयको कालो बादल बोकेकी छे भन्ने कुरा "बुबाले मुमाबाट आज फेरि कुट्नु भयो, मुमा मर्छु भन्नु हुन्छ ।" (पृ. २४५) भनाइबाट प्रस्ट पार्छन् । मृगतृष्णामा घटेको सम्पूर्ण घटनाहरू लैङ्गिक हिंसाका ज्वलन्त दृष्टान्त हुन् ।

**लैङ्गिक अवस्था**

स्त्री (पत्नी र छोरीहरू) का आत्मिक स्व दोहन पितृसत्तात्मक लैङ्गिक विभेदको चित्रण हो । मृगतृष्णा लैङ्गिक स्वतन्त्रता र नारी स्वाभिमान स्थापनामा केन्द्रित कथा हो । यस कथाकी पात्र तुषार मल्लिकाको पृष्ठभूमि भाग भारतको कलकत्तामा बितेको छ । त्यहाँ उनको कारुणिक जीवनको प्रत्यक्षदर्शी कोही पनि छैन । उनीसँग संसर्गमा रहेको कुनै पुरुष पात्र पनि देखाइएको छैन । उनको चरित्रमा जुन दोष लगाइएको छ त्यो

स्टेरियोटाइप प्रकृतिको छ जुन सत्य नहुन पनि सक्छ तर उनको जिन्दगीको पूर्वार्ध कलङ्कित बनेको छ । यो पितृसत्तात्मक सामाजिक व्यवस्थाको घोर हिंसाको उत्कर्ष हो । उनको सानोबुबासँगको वैवाहिक जीवन खण्ड छ । यस खण्डमा उनी त्यस्तो कलङ्कित हुनु पर्ने कुनै घटना पनि छैन र उनीबाट आफ्ना परिवारलाई कुनै दोषारोपण गर्ने क्रिया प्रतिक्रिया नै घटाइएको होस् । यी सबै विसङ्गत पाटाहरू पृष्ठभूमि कालको आरोपमा नै केन्द्रित छन् । यसो हुनु यस समाजमा लैङ्गिक समस्या रूढ बनेको देखिन्छ ।

लैङ्गिक अध्ययनको महत्त्वपूर्ण पक्षका रूपमा रहेको नारीवाद नारीका हक, अधिकारको सुनिश्चितता र नारी शोषण दमन विरुद्धको दरिलो अभियान पनि हो । नारीवादले नारीलाई नै केन्द्र बनाएर नारीकै पक्षमा बोल्ने र लेख्ने कार्य गर्छ (भट्टराई, २०७६, पृ.२४६) । नारीमाथि हुने विभेद, उत्पीडन, शोषण र अत्याचारको विरोध गर्नुका साथै विद्रोह चेतना फैलाउनु पनि नारीवादको विषयवस्तु भएको कुरा यस उधृष्टांशले प्रष्ट पार्दछ । मृगतृष्णा नारी हस्ताक्षरबाटै लेखिएकाले यसमा नारी र पुरुष दुवैको चरित्र उदाङ्गो हुनु स्वाभाविकै हो । कथामा विन्दु, कविता, तुषारमल्लिाका, रिनु र विशु, ठूलोमुमा, विन्दूकी दिदी लगायतका नारी र सानोबुबा र ठूलोबाबु पुरुष मात्रको चयन गरिएको छ । पात्र चयनका दृष्टिले पनि नारीपात्रको आधिक्य देखिन्छ । विषयवस्तुमा पनि नारी समस्या र जटिलतालाई नै केलाइएको छ । पुरुषपात्रलाई नारी जीवनको जटिलता चित्रणको साधन बनाइएको छ । फेरि हाम्रो समाज पनि नारीप्रति अनुदार छ । कुनै पुरुष धेरै वर्षपछि घर फर्कदा पनि नकारात्मक टीकाटिप्पणी हुँदैन तर नारीमाथि अनेक टीकाटिप्पणी हुन्छन् भन्ने कुरालाई तुषार मल्लिकाप्रति समाजले गरेका यस्ता टिप्पणीले प्रमाणित गर्दछन् : “बडा नर्तकी भइटोपल्छे कलकत्ताको कुनचै गल्लीमा ग्राहक पर्खेर बस्थी होली” (नेपाली कथा भाग–१, पृ.११४) । यस टिप्पणीले कुनै महिला घरबाहिर जानासाथ नगरबधू नै भइहाल्छे भन्ने नारीप्रतिको नकारात्मक दृष्टिकोण प्रस्तुत गर्दछ । यस्तो दृष्टिकोण नारीमाथिको मानसिक शोषण हो ।

घरबाहिर जाँदा महिलाले राम्रो काम पनि त गर्न सक्छिन् नि भन्ने विचार यो पुरुषप्रधान समाजमा किन नआएको त ? कथामा यस प्रकारको अनुदार सोचप्रति असन्तुष्टि जनाइएको छ । यस सन्दर्भमा “तिमी (पुरुष) र म (नारी) एकै होइनौं , एक अर्काका पूरक मात्र हौ”(पारिजात,२०५०) स्मरणीय छ । यसले नारी र पुरुष दुबैको सहयात्रामा मात्र जीवन सार्थक हुने देखाउँछ । पुरुष एक्लैको जीवन सार्थक हुन सक्दैन तर यस कुरालाई पुरुषवादी चिन्तनले स्वीकार्न सकेको छैन । नारी जीवनलाई सहअस्तित्वको रूपमा लिने संस्कारको कमीकै कारण सानोबुबाले तुषार मल्लिकामाथि हिंसा गरेको छ । “रातदिन मातेर आएर चुट्छन् रे । भएन कुरैपिच्छे रन्डी, वेश्या... भन्छन् रे” (नेपाली कथा भाग–१, पृ.११७) सँगै जिउने सँगै मर्ने बाचाकसम खाएर वैवाहिक बन्धनमा बाँधिएका पतिबाट कसले यस्तो व्यवहार र भाषाको अपेक्षा गरेको हुन्छ र !

पुरुष ज्यादतिका विरुद्ध तुषारमल्लिाकाले विद्रोह गरेकी छिन् । उनले काखको बच्चालाई समेत छोडेर सदाका निम्ति गृहत्याग गरेकी थिइन् (ऐ. पृ. ११६) । यो उनको सानुबाबुको घोर अत्याचार विरुद्धको विद्रोह हो ।“कृतिकारले आफ्नो कृतिमा नारीसँग सम्बद्ध सुन्दर पक्षको मात्र खोजी गरेर पुग्दैन, विद्रोहात्मक पक्षको पनि खोजी गर्नुपर्छ” (भट्टराई, २०७६, पृ.२५७) भनिएझैं कथाकारले मृगतृष्णामा नारी विद्रोहलाई महत्त्व दिएकी छिन् । उनी कहाँ गइन् ? आत्माहत्या पो गरिन् कि भन्ने प्रश्न उठ्ने ठाउँ छ । परिवारका सदस्यले पनि मरेको अनुमान गर्न थालेका अवस्थामा विन्दुले राम्दी मेलामा देख्नुले अत्याचारी पुरुषका विरुद्ध सङ्घर्ष गरेर नारी एक्लै पनि बाँच्न सक्छन् भन्ने तथ्य स्थापित गरेको छ । यसका साथै लैङ्गिक विभेद खडा गरी नारीमाथि अत्याचार गर्ने हरेक पुरुषलाई चुनौती पनि दिएको छ ।

तुषारमल्लिाकाले घर छोडेपछिको सानोबुबाको अवस्था नाजुक भएको देखिन्छ । रक्सी पिउने तास खेल्ने, घरबाहिर हल्लिने सबैकाम बन्द भएका छन् । अरु देख्ने मान्छेका नजरमा त उसले बल्ल चेतेजस्तो छ

(नेपाली कथा भाग–१, पृ.११६) । किताबमा घोत्लिनु धुमधुमती एक्लै बस्नु सन्तानको वास्ता नगर्नुजस्ता अनौठा गुण सानोबुबामा देखा पर्नुले ऊ पत्नीबाट मानसिक रूपमा दण्डित भएको देखिन्छ । आफूले गरेका कुकर्म सम्झेर पश्चाताप् गर्ने अवस्थामा सानोबुबालाई पुऱ्याएर कथाले नारी पक्षधरता स्थापित गरेको छ । “भित्र सानोबुबा कसैको तस्वीरलाई हेरेर सुँक्क–सुँक्क गरेर रोदनलाई भित्रभित्र दबाउने प्रयास गरिरहेका थिए ... त्यो तस्वीर सानीमुमाको थियो” (ऐ.पृ.११६)।आफू पुरुष भएकै हैसियतमा सानुबाबुले पत्नीमाथि जघन्य हिंसा र कुटपिट गरेको छ अनि नारी भएकै कारण तुषार मल्लिकाले चुपचाप हिंसा सहनु परेको छ । आज आफ्ना कुकर्मका कारण सानोबुबा पश्चाताप्ले जलिरहेको छ । आफ्नी पत्नीले आत्महत्या गरेकी होला भन्ने आशङ्कामा तस्वीरलाई छातीमा टाँसेर रुँदै काल पर्खदै छ । यस घटनाले अत्याचारी, दमनकारी, स्वार्थी पुरुषको जीवनको दुर्दशा देखाउँछ ।

## लैङ्गिक भूमिका

लैङ्गिक भूमिका व्यक्तिको रुची, क्षमता तथा दक्षताभन्दा सामाजिक मूल्य मान्यताबाट प्रभावित र नियन्त्रित हुन्छ । यो पुरुषत्व र नारीत्वसँग सम्बन्धित हुन्छ (खनाल, २०७५, पृ. २६) । मृगतृष्णाका प्रायः सबै पात्रहरू सामाजिक, राजनीतिक, सांस्कृतिक एवं आर्थिक गतिविधिहरूमा न्यून सहभागी देखिन्छन् । यस कथाका पात्रहरू लैङ्गिक भूमिकाका दृष्टिमा सुस्त लाग्छन् । पितृसत्तात्मक समाजमा उत्पादक क्षेत्रमा स्त्रीहरूलाई अवसर कम प्राप्त हुने हुन्छ । यदि त्यस्तो अवसर भइहाले पनि यौनाकर्षक प्रवृत्तिमा अग्रसर गराउने संस्कृति रहेको छ । त्यसमा पनि तीव्र आलोचना गरिन्छ । यस कथामा समाजसेवीहरूले उनको नृत्य प्रदर्शन गरेर विद्यालयको कोष जम्मा गर्ने प्रस्ताव राख्छन् (पृ. २४२) बाट स्पष्ट हुन्छ । र यो केही हदमा उनको नृत्य कला प्रतिभालाई स्विकारिएको देखिन्छ । यसरी तुषार मल्लिका उत्पादक भूमिकामा प्रायः शून्य स्थितिमा नै देखिन्छन् । उनले सानोबुबासँग वैवाहिक सम्बन्धमा बाँधिए पछि ३ जना सन्तानलाई जन्म दिएकी, उनीहरूका पालनपोषणमा लागेकी र पतिका सन्तुष्टिका लागि शारीरिक मानसिक रूपमा दत्तचित्त भएकी छिन । उनले प्रदर्शन गर्ने नृत्य र सङ्गीत पनि पतिका लागि मात्र भएको छ । उनलाई सार्वजनिक समारोहमा कतै पनि जान स्वीकृति छैन । उनले घर व्यवहार सञ्चालन गर्न जटिल आर्थिक समस्या परेपछि सानो व्यापार गर्न इच्छा राख्दा पतिबाट अपमानित भएर गाली खानु परेको छ । यो कुरा आफैले सानो पसल राख्नु भन्दा कुन चाहिँ तेरो पोइसँग भेट्नु छ भनेर केही गर्न दिनु हुन्न (पृ. २४५) सानोबुबाको भनाइबाट स्पष्ट हुन्छ ।

कथाको पुरुष पात्र सानोबुबा सामान्य जागिरमा रहेको देखिन्छ । तर उनले आफ्नो तलव रक्सी, जुवातासमा सकेको देखिन्छ । विन्दूले शिक्षक जागिरमा प्रवेश पाएको छ । अन्य कथा पात्रहरू उत्पादनका क्षेत्रमा कम र पुनरुत्पादक क्षेत्रमा सक्रिय देखिन्छ । उनीहरूका जीवन निर्वाह पैतृक सम्पत्ति हो भन्ने लाग्छ तर कुन तहको हो स्पष्ट छैन ।

सानोबुबा पुरुष भएकाले कोसँग विवाह गर्ने आफैं निर्णय लिन सक्छ, त्यसैले परिवारको स्वीकृतिबिना पनि उसले तुषारमल्लिकासँग विवाह गर्यो । डेरा खोज्ने, श्रीमतीलाई आय आर्जनको बाटो बन्द गराएर आफैं भोग्य वस्तुका रूपमा मात्र सीतिम तुल्याउने, सबै निर्णयशक्ति सानोबुबामा रहेको देखिन्छ । श्रीमतीमाथि पूर्ण अधिकार र सबै कुराको निर्णय गर्ने क्षमता सानोबुबाले राख्ने अवस्था सृजना हुनु पितृसत्तासँग जोडिन पुग्छ ।

## लैङ्गिक समस्या

मृगतृष्णा कथा लैङ्गिक र यौनिक समस्या र सन्दर्भमा बुनिएको छ । पितृसत्तात्मक समाज र त्यसका प्रतिनिधि पुरुषहरू बाट नारी जातिले खेप्नु परेको लैङ्गिक विभेद, उपेक्षा र घृणालाई कथामा वर्ण गरिएको छ

। कथामा परम्परागत पितृसत्तात्मक लैङ्गिक र यौनिक संस्कार तथा सम्बन्धलाई प्रकाश दिँदै लैङ्गिक र यौनिक स्वतन्त्रता खोजिएको छ । मानिसमा नैसर्गिक प्रतिभालाई प्रस्फुटन गर्नु र त्यसको उपयोग गरेर जीवन निर्वाह गर्न पाउनु उसको वैयक्तिक अधिकार पनि हो । प्रस्तुत कथामा तुषार मल्लिकासँग रहेको नृत्य प्रतिभा र विन्दूको परिवारसँग छुटेर मावलीमा पढ्न नजाने इच्छा पितृसत्तात्मक हैकमले तुषारापात भएको छ । कथाकी केन्द्रीय पात्र पतिबाट प्रताडित भएर उसैको व्यङ्ग्यवाण र अत्याचारले आजित भएर आफ्नो कोखको सन्तानलाई समेत त्यागेर सन्यासिनी भएर देश देशान्तर भौतारिएर हिँडिरहेको देखाइएको छ । सानो मुमाले आफ्नो पतिको साहचर्याको निम्ति हजारौं तृषित हृदयलाई लत्याएर सर्वस्व सुम्पिइन् तिनैबाट उपेक्षा, घृणा र मानसिक ताडनाबाट उन्मुक्ति पाउन गृहत्याग गरिन (पृ. २४१) । यो लैङ्गिक विभेद र हिंसाको उत्कर्ष रूप हो ।

कथाकी स्त्री पात्र विन्दूको सानोबुबा र सानोमुमाको निरन्तर साहचर्या थाहा पाएर परिवारका सदस्यहरूले उनीहरूको सम्पर्क र सम्बन्धबाट विच्छेद गर्न मावली पढ्न पठाउने निर्णय सुनाइन्छ । उनीले आफू आमा बुबा, भाइ बहिनीहरू छाडेर मावली पढ्न नजाने कुरा बताउछिन् तर उनको कमजोर आवाजको सुनाइ नै हुँदैन । यो स्त्री विभेदको दृष्टान्त हो । अझ उनीहरूको विवाह पनि आमाबुबाको इच्छा अनुसार गरिएको छ । यी सामाजिक घटनाहरू नारी समस्याहरू हुन् ।

## लैङ्गिक चेतना र सशक्तीकरण

लैङ्गिक चेतनालाई नारीवादको एक अंश मान्न सकिन्छ । यो मूलतः नारी चेतना हो। लैङ्गिक रूपमा समानता कायम गराउने र नारीहरूका अधिकारलाई प्रत्याभूत गराउने सैद्धान्तिक मान्यता लैङ्गिक चेतना हो । यसले स्त्रीहरूलाई मुख्यतः राजनैतिक शक्तिहरूमा स्थापित गर्दै सामाजिक, सांस्कृतिक क्षेत्रहरूमा प्रत्यक्ष नेतृत्वदायी भूमिकामा स्थापना गर्ने उद्देश्य राखेको हुन्छ । मृगतृष्णा कथा लैङ्गिक चेतना र सशक्तीकरणलाई प्रखर रूपमा अभिव्यक्ति दिइएको छ । पितृसत्तात्मक समाजका प्रतिनिधिहरूबाट तुषार मल्लिकालाई देह व्यापार गर्ने नगरबधू भनिएको छ । सम्पत्ति, शिक्षित युवक र सुख सम्पन्नता देखेर यस परिवारमा दाह्रा गाडेकी नकच्चुरी भनिएको छ तर उनी आफ्नो स्वत्व र सुन्दर जीवनका लागि सानोबुबालाई विश्वासका साथ प्रेम गरेकी छिन् र विवाह गरेकी छिन् । उनले दिगो आर्थिक स्थिति सुधार गर्दै शान्त सुखी परिवार निर्माण र सन्तानका लागि सङ्घर्ष गरेकी छिन् । उनले आफ्नै पतिबाट शारीरिक मानसिक ताडना पाउँदा; घोर अपमानित भएर सहन नसकी आफ्नो जीवनभन्दा प्यारो छोराछोरीहरू समेत गृह त्याग गरेर स्वतन्त्रका लागि हदैसम्मको विद्रोह गरेकी छिन् । यो विद्रोह, गृह त्याग अत्याचारी लोग्नेबाट सदाका लागि उन्मुक्त र स्वतन्त्रताका लागि गरिएको छ । यद्यपि यो विद्रोह अध्यात्मवादमा लीन भएकाले द्वन्द्वात्मक हुन सकेको छैन तथापि आत्मातुष्टि प्राप्त भएको छ । यदि द्वन्द्वात्मक विद्रोह भएको भए उनीलाई मरिमेट्न धेरै युवाहरू थिए । उनीहरू त्यतिकै वैभवपूर्ण थिए । उनीहरूसँग सम्बन्धमा रहन सक्थिन् । यो परम्परित नैतिकतामा सह्य नहुन सक्छ तर स्वतन्त्रताको तर्फबाट यो न्यायिक कदम हुन सक्थ्यो । तुषार मल्लिका यो बाटो चयन गरिनन् बरु अध्यात्मको बाटो रोजिन् ।

## यौनिकता

मृगतृष्णा कथा मनोलैङ्गिक र मनोयौनिक पक्ष उजागर गर्न सफल देखिन्छ । यसमा विपरीत लिङ्गी यौनिकता, जैविक आवश्यकता र यौनले प्रखर रूपमा अभिव्यक्ति पाएको छ । कथामा स्त्री र पुरुष बिच हुने आकर्षण, प्रेम, विवाहले विपरीत लिङ्गी यौनिकतालाई प्रस्ट पारेको छ । कथामा तुषार मल्लिका स्त्री पात्रभन्दा सानोबुबा (पुरुष पात्र) स्त्री पात्रको नृत्य कला, शारीरिक सुन्दरता, बैँसालु कामुक शरीरमा लहरा झैँ

लहरिएको देखिन्छ । आफ्नो यौन भोक र लिप्सा पूरा नहुने होकी भनेर अर्धपागल भएको पाइन्छ ।

कथामा कतै पनि तुषार मल्लिका पति सानोबुबाबाट यौनिक सन्तुष्टि भएको वा नभएको छनक कतै पाइँदैन तर छोटो समयमा नै तीन-तीन जना बच्चा जन्माएर शारीरिक सुन्दरता भङ्ग गरेको र सन्तानको हेरचाहमा दत्तचित्त हुँदा पतिले चाहे जति शारीरिक सुख प्राप्त नभएको सङ्केत भने पाइन्छ । स्त्री पात्रको शरीर, भेषभुषा, पहिरन र जीवनशैली कामुक थियो भनेर अनुमान गर्न सकिन्छ तर यौनिक तुष्टिका लागि परपुरुषतर्फ आकर्षित भएको भने पाइँदैन । आफैले माया गरेको पुरुषको यातना, ताडना र पीडाबाट उन्मुक्तिका लागि गृह त्याग गरेको नारी स्वतन्त्रताको लागि विद्रोह गरेको पाइन्छ ।

**लैङ्गिकताको भाषा**

मृगतृष्णा कथामा प्रयोग गरिएको भाषा सरल छ । यसमा वर्णनात्मक शैली प्रयोग गरिएको छ । यस कथाको समाख्याता म पात्र (विन्दू) हो । यो तृतीय पुरुष विन्दू प्रयोग भएको कथा भएकाले लैङ्गिक दृष्टिले तुषार मल्लिकाको कथा हो । यसमा लैङ्गिक परिवेश, अवस्था व्यक्त गर्न भाषिक संरचना प्रयोग भएको पाइन्छ । स्त्री पात्रको जीवनको पृष्ठभूमि काल भारतको कलकत्ता रहँदा सानी बालिका हुँदा नै कसैले कलकत्तामा बेचेकी, नराम्रो गल्लीमा हुर्किएकी, युवती भएपछि वेश्यावृत्तिमा लागि भनिएको छ । यो भाषिक रूप लैङ्गिक हिंसालाई व्यक्त गर्ने संरचनामा रहेको छ । गाउँका मानिसहरू उनीको सुन्दर नृत्य हेरेपछि ईर्ष्यावश बडा नर्तकी भइटोपल्छे, कलकत्ताको गल्लीमा ग्राहक पर्खेर बस्थी होली (२४२) भनेर प्रतिक्रिया दिन्छन् । यिनै गाउँलेहरू "तुषार मल्लिकासँग रातभरि रक्सी पिएर बिताए रे, उनलाई हजारौं रुपैयाँको गहना किनेर दिए रे, दिनभरि ट्याक्सीमा लिएर हिँडे रे" पनि भन्छन् । यसले एकातिर यौनिक ईर्ष्या व्यक्त भएको छ भने अर्को तर्फ नारी यौनिकता माथि प्रहार गरिएको छ ।

रन्डी, वेश्या, मेरो जिन्दगी बर्बाद पारिस्, मलाई मेरो परिवारदेखि टाढा पारिस् भाषिक रूपहरू सानोबुबाले निरन्तर भनिरहनुले पुरुषहरू स्त्रीको रूप, सौन्दर्य र वैंशको मातले हतारमा विवाह गर्छन् र फुर्सदमा पछुताउँछन् भन्ने भनाइ चरितार्थ भएको पाइन्छ भने यौनिक रूपमा स्त्रीको वैंशको रस सुकेको कारण सानोबुबा पश्चात्तापमा चलेको पाइन्छ । उनको दृष्टिमा पश्चात्ताप भए पनि स्त्री सन्दर्भमा यौनिक हिंसा नै हो ।

**लैङ्गिक परिणति**

लैङ्गिक स्वतन्त्रता र सह-अस्तित्वको खोजी गर्दै यौनिक चास्नीमा जल्दै मातृत्व र पत्नीत्वलाई इच्छा विरुद्ध त्याग्दै पितृसत्तात्मक सामाजिक आदर्शलाई चुनौती दिन कथा सफल भएको छ । कथाकी प्रमुख स्त्री पात्रले पितृसत्तात्मक समाजमा पुरुषको इच्छा र आदेशभन्दा बाहिर आँखा झिमिक्क पार्नु हुँदैन भन्ने मान्यतालाई अस्वीकार गरेकी छिन् । यो निर्णय लैङ्गिक भेदको अन्त्य हुनु पर्छ भन्ने पक्ष र लैङ्गिक स्वतन्त्रताको पक्षमा गरिएको साहसिक कार्य हो ।

**निष्कर्ष**

मृगतृष्णा कथामा प्रयुक्त प्रमुख पात्रहरू तुषार मल्लिका र सानोबुबाको लैङ्गिक भूमिका, जिम्मेदारी र त्यसले उनीहरूको जीवनमा पारेको प्रत्यक्ष असरलाई केलाइएको छ । नेपाली समाजको यथार्थ चित्रण गर्ने यस कथाकी नारी पात्र नारी हुनुकै कारणले पीडित र अधीनस्थ छिन् । घर, परिवार, समाज, सामाजिक मूल्य मान्यताको निर्मितिमा पुरुष वचरुव रहनाले सिङ्गो समाज नारीवर्गका लागि अनुदार छ भने पुरुषवर्ग तुलानात्मक रूपमा स्वाधीन छ । पितृसत्ताकै सिकार भएर बाल्यकालमा तुषार मल्लिका हराउनु/बेचिनु,

उनको नृत्यकलालाई समाजले व्यङ्ग्यका नजरले हेर्नु, अप्रत्यक्ष रूपमा उनलाई वेश्या परिभाषित गर्नु, सानोबुबाको दाम्पत्य सबल नहुनु, उसले भोग्या वस्तु बनाई दाम्पत्यको प्रारम्भिक चरणमा बाहिरी कामबाट पत्नीलाई वञ्चित तुल्याउनु, सन्तान थपिँदै गएपछि हेला र तिरष्कार गर्नु, वेश्या जस्ता लाञ्छना लगाउनु, सुत्केरी अवस्थामा चाकर होइन लात प्रहार गर्नु, आफ्नो मुक्तिका लागि काखका बच्चा समेत छोडेर तुषार मल्लिकाले विद्रोहस्वरूप गृहपरित्याग गर्नु जस्ता घटनाहरू, सामन्तवादी पितृसत्ता, नारी जीवनको अवमूल्यन, सामाजिक लैङ्गिक भूमिकाकै परिणति हुन् । यी घटनाले नेपाली समाजमा नारीहरू ज्यादै शोषित र पीडित छन्, तिनको मुक्तिका लागि पुरुष वर्गले समेत सकारात्मक भूमिका खेलिदिनुपर्छ भन्ने आग्रह कथाले गर्दछ ।

समाजले नारी र पुरुषलाई हेर्ने फरक दृष्टिकोण राख्दछ । पुरुषले नारीमाथि जे जस्ता ज्यादति गरे पनि तिनको टीकाटिप्पणी हुँदैन । सानोबुबाले तुषार मल्लिकालाई अत्याचार गरेको समाजको लैङ्गिक विभेदकारी नीतिले नै हो । नारी भएकैले तुषार मल्लिकाले आफ्नो शरीरमाथिको अधिकार सुरक्षित राख्न सकेकी छैनन् । सानोबुबा आफैं पनि परम्परागत सामाजिक संरचना र पितृसत्ताबाट शोषित छ । आफूले मन पराएकी युवतीसँग विवाहका लागि पारिवारिक स्वीकृति नपाउँदा जाँडरक्सीको कुलतमा डुबेको छ । यसरी उसको चयनलाई स्वीकृति नदिनु पितृसत्ताको एकाङ्गी सोच हो । त्यसै गरी उसले समाजबाट अनेक कुरा (श्रीमतीका बारेमा) सुन्नु परेको गुनासो पोखेको छ, यो ऊमाथि भएको सामाजिक प्रताडन हो । यस प्रकार हाम्रो समाजमा परम्परागत पितृसत्ता, नारीवादी सचेतनाको अभाव, पुलिङ्गता र सामाजिक लिङ्गभेद, सामाजिक लिङ्ग, महिलाको शरीरमाथि आफ्नै प्रभुत्व कायम नहुने अवस्था आदिले धेरैजसो नारी उत्पीडित र शोषित छन् भने परम्परागत पितृसत्ताबाट पुरुष स्वयम् समेत पीडित छन् । लैङ्गिक समविकासका लागि नारी र पुरुष दुबै परिपूरक र उदार भएर सङ्घर्ष गर्नुपर्छ, अनि मात्र लिङ्गीय समतामूलक समाज निर्माण हुन्छ ।

## सन्दर्भसूची


आचार्य, नरहरि, अवस्थी, महादेव र गौतम, देवीप्रसाद (सम्पा.). (२०६२). *नेपाली कथा भाग १* (छैठौं संस्क.). ललितपुर : साझा प्रकाशन ।

उप्रेती, सञ्जीव. (२०६६). *सिद्धान्तका कुरा* (चौथो सस्क.). काठमाडौं : अक्षर क्रियसन्स ।

एंगेल्स, फ्रेडरिक. (१९८६). *परिवार, निजी सम्पत्ति और राज्य की उत्पत्ति* (दोस्रो संस्क.). मास्को : प्रगति प्रकाशन ।

खनाल, राजेन्द्र. (सन २०१९). लैङ्गिक दृष्टिमा सजिलो उपन्यासको भाषा. *एजुकेसन एन्ड सोसल साइन्स.* १(१), ९९–११० ।

खनाल, राजेन्द्र. (२०७५). *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग.* काठमाडौं : सनलाइट पब्लिकेसन ।

ठकुरी, माया (२०४६). *नेपाली कथा भाग– १.* नरहरि आचार्य, महादेव अवस्थी र देवीप्रसाद गौतम. (सम्पा.). ललितपुर : साझा प्रकाशन. ११०–१२० ।

त्रिपाठी, सुधा. (२०१२). *नेपाली उपन्यासमा नारीवाद.* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।

नेपाल प्रज्ञा प्रतिष्ठान. (२०७५). *नेपाली वृहत् शब्दकोश* (दशौं संस्क.). काठमाण्डौः नेपाल प्रज्ञा प्रतिष्ठान ।

पारिजात. (२०५०). *बैंसालु वर्तमान कविता सङ्ग्रह.* काठमाडौं : नेपाली साहित्य गुठी ।

भट्टराई, रमेशप्रसाद. (२०७६). *लैङ्गिक समालोचना. रत्न वृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड).* राजेन्द्र

सुवेदी र लक्ष्मणप्रसाद गौतम. (सम्पा). काठमाडौं : रत्नपुस्तक भण्डार, २४४–२५८।
शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद. (२०६०). *नेपाली कविता र आख्यान.* काठमाडौं : नवीन प्रकाशन ।